फान नः ०९९-५४००१०
ईमेलः info@shuklaphantamun.gov.np
ito.shuklaphantamun@gmail.com
वेवसाईटः www.shuklaphantamun.gov.np

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कंचनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र सं २०७६।७७
च.नं. २६८९

मिति : २०७७०३।२६

**विषयः आवश्यक समन्वय गर्ने ।**

श्री वडा सचिव सबै,
शुक्लाफाँटा नगरपालिका

प्रस्तुत सम्बन्धमा राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता अभियान सम्बन्धि जिल्ला प्रशासन कार्यालय, कंचनपुरको च. नं. ३८९५ मिति २०७७/०३/२४ गतेको पत्रको छायाप्रति यसै पत्रसाथ संलग्न राखि पठाईएको छ। संलग्न पत्रबाट व्यहोरा अवगत गरी सोही अनुसार गर्न गराउनहुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री जिल्ला प्रशासन कार्यालय,
कंचनपुर ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
कन्चनपुर

फोनः ०९९-५२०७०८
५२११७८
फ्याक्सः ५२४९९०
daokanchanpur75@gmail.com

प.सं. ०७६।७७
च.नं. ३८९५

मितिः २०७७।०३।२५

श्री शुक्लाफाँटा नगरपालिकाको कार्यालय
झलारी, कञ्चनपुर ।

विषयः अभियान पुनः सुचारु सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा मिति २०७७।१२।०२ गतेदेखि कञ्चनपुर जिल्लामा परिवर्तनकारी आयोजनाको रुपमा राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता अभियानको शुभारम्भ भएकोमा तत्काल जारी बन्दाबन्दीका कारण उक्त अभियान पूर्ण रुपमा स्थगित भएको विदितै छ । हाल सबै सरकारी कार्यालयहरु नियमित सञ्चालन भएपश्चात उक्त विवरण दर्ता कार्य जिल्ला प्रशासन कार्यालयबाट नियमित रुपमा सुचारु भइसकेको छ । यसअघि भीमदत्त नगरपालिकाका १९ वटा वडाहरुमा प्रति वडा ५ जना दर्ता अपरेटरहरु परिचालन गरी कार्यक्रम सुरु गरिएकोमा अहिलेको परिस्थितिमा भीडभाड हुन जाने देखिएकोले सोको मोडालिटीमा परिवर्तन गर्नु व्यावहारिक हुने भनी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको च.नं. १९४४, मिति २०७७।०३।२३ गतेको पत्रबाट लेखी आएको र तहाँ नगरपालिका प्रमुखज्यूसँग समेत टेलिफोनमार्फत कुराकानी भए अनुरुप कोरोना भाइरस (कोभिड-१९) को संक्रमण एवम् जोखिमलाई समेत मध्यनजर गरी सामाजिक दूरी कायम र जनस्वास्थ्य र सुरक्षाका मापदण्डहरु पुरा गर्दै वडागत रुपमा अभियानलाई पुनः सुचारु गर्न संलग्न बमोजिमका विवरण दर्ता अपरेटरहरुलाई प्रति वडा कार्यालय एउटा स्टेशन स्थापना गरी कार्यक्रमलाई अगाडि बढाउन खटाई पठाईएको छ ।

पुनश्चः विवरण दर्ता अभियानको क्रममा नागरिकको आवेदन फाराम रुजु गर्ने प्रयोजनको लागि सम्बन्धित वडा सचिवहरुलाई रुजु अधिकारी तोकी आवश्यक अभिमुखीकरण समेत गरिने व्यहोरा अनुरोध छ ।

२०७७।०३।२५

(गोकर्णप्रसाद उपाध्याय)
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
कन्चनपुर

फोनः ०९९-५२०७०८
५२११७८
फ्याक्सः ५२४९९०
daokanchanpur75@gmail.com

प.सं. ०७६।७७

राष्ट्रिय परिचयपत्र कार्यक्रमको लागि शुक्लाफाँटा नगरपालिका अन्तर्गत खटाइएका बिवरण दर्ता अपरेटरहरू

| सि.नं. | पद | दर्ता नं. | स्टेसन नं. | कर्मचारीको नाम, थर | सवारी साधन | खटाईएको वडा |
|---|---|---|---|---|---|---|
| १. | क.अ | १८४६ | | नवराज अवस्थी | नभएको | शुक्लाफाँटा-१ |
| २. | क.अ | १०६२ | ५३ | सरस्वती कु. कार्की | नभएको | शुक्लाफाँटा-२ |
| ३. | क.अ | १६६ | ४८ | नविन भट्ट | नभएको | शुक्लाफाँटा-३ |
| ४. | क.अ | १२०४ | | लक्ष्मण कलौनी | नभएको | शुक्लाफाँटा-५ |
| ५. | क.अ | ४३० | ४७ | अर्जुन देव अवस्थी | नभएको | शुक्लाफाँटा-७ |
| ६. | क.अ | ४५८ | | जनक महरा | नभएको | शुक्लाफाँटा-८ |
| ७. | क.अ | ४७६ | | जहेन्द्र महरा | नभएको | शुक्लाफाँटा-९ |
| ८. | क.अ | ३०२ | ५२ | जगदिश अवस्थी | नभएको | शुक्लाफाँटा-१० |
| ९. | क.अ | २५३ | ५३ | सुनिल नेगी | नभएको | शुक्लाफाँटा-११ |
| १०. | क.अ | ६ | ८४ | डम्मर महरा | नभएको | शुक्लाफाँटा-१२ |

...................
(गोकर्णप्रसाद उपाध्याय)

सहायक प्रमुख जिल्ला अधिकारी